# विराटनगर महानगरपालिका

बैठक संख्या: ९७

बैठक प्रारम्भ: बिहान ८:१५ बजे

मिति: २०७८/०३/३०

बैठक स्थगन: बिहान १०:०० बजे

नेपालको संविधानको धारा २१६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ बमोजिम विराटनगर महानगरपालिका नगर कार्यपालिकाका प्रमुख श्री भीम पराजुलीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको बैठक बसी निम्नलिखित निर्णयहरू गरियो।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देबेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री विजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | श्री झरीलाल महतो | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा.सदस्य | श्री राजदेव यादव | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देंवी खत्री | |

| | | | |
|---|---|---|---|
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री सुशीला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री गायत्री कुमारी दास | |
| २९ | सचिव | श्री उमेश बस्नेत | |
| ३० | बैठक व्यवस्थापन सहयोगी | श्री अर्जुन थपलिया | |
| ३१ | बैठक व्यवस्थापन सहयोगी | श्री धिरज राई | |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ

विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७८/०३/३० गते बसेको बैठकको एजेन्डा र निर्णयहरू:

| क्र.सं. | एजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | ल्याण्डफिल साइट जग्गा खरिद प्रक्रिया अगाडि बढाउने सम्बन्धमा। | मिति २०७७/१२/२५ मा बसेको ८७औं कार्यपालिका बैठकको निर्णयानुसार एकिकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणको लागि आवश्यक जग्गा प्राप्तिको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकार समक्ष अनुरोध गरिएकोमा नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७८/०३/०७ को जग्गा प्राप्ति सम्बन्धी निर्णयबाट स्वीकृत विराटनगर महानगरपालिका, मोरङको साविक बखरी गा.वि.स. वडा नं. २, कि.नं. ८५, ८६, ८७, २९१, २९२, १२५५, १२९८, ८९६ र ८९७ बाट क्षेत्रफल ११-१-१६ (बिघा) जग्गा जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम खरिद गर्ने आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो। साविकमा रहेको ल्याण्डफिल साइट जग्गा छनौट तथा सिफारिस समितिको संरचनामा सम्बन्धित वडाध्यक्ष समेत सदस्य रहनेगरी जग्गा खरिद समन्वय तथा सहजिकरण समिति गठन गरियो। |
| २ | सार्वजनिक-निजि-साझेदारी (PPP) एकाइ गठन सम्बन्धमा। | विराटनगर महानगरपालिका नगर कार्यपालिकाले सार्वजनिक निजि साझेदारी (PPP) मोडालिटीमा सञ्चालन गर्ने सबै किसिमका आयोजनाहरूको तयारी, सम्भाव्यता अध्ययन, प्रारम्भिक मूल्याङ्कन, विकास, लेखाजोखा, वार्ता, लिखत कागजात तयारी तथा प्रस्ताव छनौट गरी कार्यपालिकामा पेश गर्ने र स्वीकृत आयोजनाहरूको खरिद, कार्यान्वयन, समन्वय, सहजिकरण र अनुगमन गर्ने देहाय बमोजिमको सार्वजनिक निजि साझेदारी एकाइ गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(१)संयोजक - श्री दीपक पौडेल, आर्थिक विकास महाशाखा प्रमुख<br>(२)सदस्य - ई.भरत कुमार न्यौपाने, परियोजना प्रमुख (RUDP)<br>(३)सदसय - ई.गोपाल पोखरेल, योजना तथा सहरी विकास महाशाखा प्रमुख<br>(४)सदस्य - ई.अर्जुन थापा, घरनक्सा शाखा प्रमुख<br>(५)सदस्यसचिव - श्री पुनम कुमार दाहाल, सामुदायिक विकास शाखा प्रमुख |
| ३ | विद्युत्तीय बस सेवा (e-BRT) सञ्चालन सम्भाव्यता अध्ययन सम्बन्धमा। | दीगो शहरी यातायातका लागि कोशी राजमार्गको विराटनगर - धरान खण्ड सडकमा विद्युत्तीय बस सेवा (e-BRT) सञ्चालन सम्बन्धी आवश्यक पूर्व सम्भाव्यता अध्ययन गर्ने र नगर विकास कोष एवम् सो सडकमा पर्ने सबै स्थानीय तहहरू समेतको समन्वयमा उक्त विद्युत्तीय बस सेवा निर्माण/सञ्चालन आयोजनाको लागि नगर विकास कोष, काठमाण्डौलाई अनुरोध गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ४ | स्मार्ट पार्किङ (Smart Parking) को सम्भाव्यता अध्ययन सम्बन्धमा। | विराटनगर महानगरपालिका वडा नं. ९, हनुमानथान स्थित रहेको महानगरपालिकाको जग्गा, क्षेत्रफल ०-२-१०-३ (बिघा) मा स्मार्ट पार्किङ (Smart Parking) आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी गर्ने तथा उक्त आयोजना निर्माण गर्न नगर विकास कोष, काठमाण्डौलाई अनुरोध गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

| | | |
|---|---|---|
| ५ | ल्याण्ड पुलिङ (Land Pooling) को लागि स्थान छनौट सम्बन्धमा। | मिति २०७७/११/२२ मा बसेको ८४ औं कार्यपालिका बैठकबाट विराटनगर महानगरपालिका क्षेत्रमा व्यवस्थित वस्ती विकास गर्न ल्याण्ड पुलिङ (Land Pooling) को लागि आवश्यक अध्ययन गर्ने निर्णय भए बमोजिम परामर्शदाता One World IT and Civil Services Pvt. Ltd., Biratnagar ले पेश गरेको पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन सर्वसम्मतिले स्वीकृत गरियो। उक्त प्रतिवेदन बमोजिम प्राथमिकताको आधारमा पहिलो चरणमा Site 2 विराटनगर महानगरपालिका वडा नं. ५ र ६, ४३२ हेक्टर जग्गामा ल्याण्ड पुलिङ गर्न विस्तृत परियोजना प्रतिवेदन (DPR) लगायत अन्य आवश्यक कार्यको खरिद प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो। साथै, उक्त ल्याण्ड पुलिङ आयोजनाका लागि आर्थिक सहयोग गर्न नगर विकास कोषसँग अनुरोध गर्ने निर्णय गरियो। |
| ६ | नक्सा अभिलेखिकरणको म्याद थप सम्बन्धमा। | पूर्व स्वीकृत नलिंई निर्माण भएका घर, टहरा, गोदाम तथा संरचनाहरू अभिलेखिकरण गरी नियमन गर्ने उद्देश्यले सूचिकृत हुन शर्त तथा मापदण्ड तोकी प्रतिवर्ग फिट रू.३।५० नक्सापास दस्तुर लिई घरनक्सा अभिलेखिकरण गर्ने कार्यको समय सीमा २०७८ असार मसान्तसम्म रहेकोमा कोभिड-१९ महामारीका कारण उक्त काम बाँकि नै रहेको हुँदा सोको समयावधि आगामी २०७८ चैत्र मसान्तसम्म थप गर्ने निर्णय गरियो। साथै, संसोधित घरनक्सा सूचिकरण/अभिलेखिकरण शर्त तथा मापदण्ड स्वीकृत गरियो। |
| ७ | विविध। | (क) विराटनगर महानगरपालिका क्षेत्रभित्र कोभिड-१९ विरुद्धको खोप कार्यक्रमलाई पूर्ण रुपमा विद्युतीय तथ्याङ्क व्यवस्थापन गर्ने साथै सोको लागि स्वास्थ्य सेवा विभाग, WHO (Country office Nepal) र UNDP (Country office Nepal) लाई सहयोगको लागि अनुरोध गर्ने समेत सर्वसम्मतिले निर्णय गरियो। |